## मिति २०८१ साल असोज १८ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ३३ औं बैठकका निर्णयहरु

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ३२ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

यही असोज ६ गते बोलेरो दुर्घटनामा परी दिवंगत हुनु भएका मन्थली नगरपालिका वडा नं. ४ का वडा सदस्य तथा मन्थली नगरपालिकाका नगर सभा सदस्य श्री पदममाया दमाईप्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने ।

निर्णय नं. ३

यही मिति २०८१ असोज १०, ११ र १२ गतेको अविरल वर्षाका कारण मन्थली नगरपालिकामा रहेका १४ वटा नै वडाहरुमा भएको क्षतिको प्रारम्भिक जानकारीको समीक्षा गरियो । हालैको अविरल वर्षाबाट मानवीय क्षति नभएता पनि भौतिक संरचना, खेतीयोग्य जमिन र कृषि तथा पशुधनमा अतुलनीय क्षति भएकाले क्षतीको व्यवस्थापन एवं राहत वितरण कार्य नगरपालिकाको स्रोत साधनबाट मात्र सम्भव नभएकाले सहयोगका लागि संघ, प्रदेश सरकार लगायतका अन्य निकायमा अनुरोध गर्ने । साथै वर्षाका कारण भएको क्षतिको आधारमा नगरपालिकाका १४ वटा नै र सिङ्गो नगरपालेका नै बिपद प्रभावित नगर घोषणाका लागि जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं. ४

मन्थली नगरपालिकाका सबै वडाबाट सामाजिक सुरक्षा भत्ता सुविधा लिईरहेका लाभग्राहीहरुको विशेषगरी अपाङ्गता भएका लाभग्राहीहरुको परिचयपत्र नविकरणका लागि सम्बन्धित वडाहरुमा अपाङ्गता परिचयपत्र नविकरण शिविर सञ्चालन गर्ने मिति २०८१ भदौ १६ गतेको कार्यापालिका वैठकबाट निर्णय भएको,

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

यही असोज १०, ११ र १२ गतेको अविरल वर्षाको कारण नगरपालिकाले ठुलो क्षति व्यहोरेका कारण सबै वडामा अपाङ्गता शिविर सञ्चालन गर्न सम्भव नभएको र वडा समितिको तत्काल बैठक समेत बस्न नसकेको,

नजिकिदै गएको वडा दशैंको कारण लाभग्राहिरुहरुलाई जतिसक्दो छिटो सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनु पर्ने अवस्था भएकाले,

पछि वडा समितिको बैठकबाट अनुमोदन हुने गरी सबै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ५

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७८ को दफा ६ को उपदफा (१) बमोजिम विभिन्न कारणले सातौं तह कायम हुन छुट भएका मन्थली नगरपालिकाका लेखा अधिकृत (अधिकृत छैठौं) मा कार्यरत श्री विजय लुइटेलको लेखा अधिकृत (सातौं) पदमा तह कायम गरिदिन मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय हेटौडा मकवानपुरको च.नं. ९४१ मिति २०८१/०६/१५ को पत्र मार्फत निर्देशन प्राप्त भएकाले सो सम्वन्धी मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय हेटौडाबाट प्राप्त पत्रका आधारमा कानुन बमोजिम ज्येष्ठता र तह कायम हुने तथा सेवा सुविधा पाउने गरी मन्थली नगरपालिकाका लेखा अधिकृत (अधिकृत छैठौं) मा कार्यरत श्री विजय लुइटेलको लेखा अधिकृत (सातौं) पदमा तह कायम गरि पदस्थापन गर्ने ।

निर्णय नं. ६

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाको तयारीका लागि मन्थली नगरपालिकाका सबै वडा नं. १ देखि वडा नं. १४ लाई नै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका आवश्यक प्रक्रिया अगाडि बढाउने । साथै बालमैत्री स्थानीय शासनयुक्त वडा तथा नगर घोषणाका लागि तोकिएका सुचक यथाशक्य शिघ्र पुरा गर्न सम्वन्धित वडा र विषयगत शाखाहरुलाई निर्देशन दिने ।

निर्णय नं. ७

मन्थली नगरपालिकाको आर्थिक सहायता कार्यबिधि २०७९ माथिको संशोधन प्रस्ताव पारित गर्ने ।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

नेपालीहरुको महान पर्व बडा दशैं २०८१ को नगरवासी लगायत सम्पूर्ण नेपालीहरुमा मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

मन्थली नगरपालिकाका वडा नं. १२, १३ र १४ का पुरै र वडा नं. ११ का केही भागहरुमा हालसम्म खिम्ती ग्रामीण विद्युत सहकारीबाट विद्युत लाईन विस्तार भई विद्युत सेवा उपलब्ध भईरहेकोमा ती स्थानमा खिम्ती सब स्टेशनबाट प्रभावित क्षेत्र रहेको हैसियतमा केन्द्रिय प्रशारण लाईन उपलब्ध गराउन पहल गर्ने वडा समितिको निर्णयको आधारमा ती वडाहरुमा केन्द्रिय प्रशारण लाईन जडानका लागि आवश्यक प्रक्रिया अगाडि वढाउन नेपाल विद्युत प्राधिकरण अंन्तर्गतको खिम्ती सबस्टेशनमा सिफारिस गर्ने ।

२०८१/०६/१८

देवीधि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत